**बैठक संख्या :- ०६/२०७४-०७५**

आज मिति २०७४ साल चैत्र महिनाको २३ गते शुक्रबारका दिन गुजरा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री सन्तलाल प्रसाद चौधरी ज्यूको अध्यक्षतामा देहायका पदाधीकारी ज्युहरुको उपस्थितिमा पेश भएका निम्न प्रस्तावहरु उपर छलफल गर्न बैठक बस्यो ।

**उपस्थिति**

| क्रं स | पद | पदाधिकारीको नाम | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | सन्तलाल प्रसाद चौधरी | |
| २ | उप-प्रमुख | रौसन खातुन शेख | |
| ३ | १ नं वडा अध्यक्ष | राजकिशोर प्रसाद | |
| ४ | २ नं वडा अध्यक्ष | अशोक कुमार खाँ थारु | |
| ५ | ३ नं वडा अध्यक्ष | गजेन्द्र कुमार चौधररु | |
| ६ | ४ नं वडा अध्यक्ष | पवनराज गिरी | |
| ७ | ५ नं वडा अध्यक्ष | श्री मोहमद अरीफ मिया दर्जी | |
| ८ | ६ नं वडा अध्यक्ष | सकिल अंसारी | |
| ९ | ७ नं वडा अध्यक्ष | मोफिल चौधरी | मोफिल चौ. |
| १० | ८ नं वडा अध्यक्ष | नेक महमद मिया मंसुरी | |
| ११ | ९ नं वडा अध्यक्ष | दिपेन्द्र पनहर | |
| १२ | सदस्य (महिला) | कुमरी देवी | कुमरी देवी |
| १३ | सदस्य (महिला) | नगीना देवी ठाकुर | |
| १४ | सदस्य (महिला) | पुजा कुमारी चौधरी | पुजा |
| १५ | सदस्य (महिला) | रिन्कु कुमारी चौधरी | |
| १६ | सदस्य (महिला) | श्रीस्ता देवी खाँ थारु | श्रीस्ता |
| १७ | सदस्य (दलित वा अल्पसंख्यक) | जितेन्द्र राउत | |
| १८ | सदस्य (दलित वा अल्पसंख्यक) | पुनित राम महरा | |
| १९ | सदस्य (दलित वा अल्पसंख्यक) | रामबाबु साह कलवार | |
| २० | सचिव | किरणनिधि तिवारी | |

## निर्णयका लागि पेश भएका प्रस्तावहरु

१. विभिन्न नियमावली एंव कार्यविधिको मस्यौदा उपर छलफल गर्ने सम्बन्धमा ।

२. जिल्ला दररेट लागु गर्ने सम्बन्धमा ।

३. वडा अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।

४. सामाजिक पुर्वाधार तर्फका कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

५. योजना संसोधन गरी स्वीकृत गर्ने सम्बन्धमा ।

६. विविध:-

   १. न्यायीक इजलास स्थापना सम्बन्धमा ।

   २. प्राविधिक कर्मचारी करारमा लिने सम्बन्धमा ।

   ३. न्यायीक समितिका पदाधिकारीलाइ सुविधा दिने सम्बन्धमा ।

   ४. शिक्षा नियमावली सम्बन्धमा ।

   ५. संस्थागत विद्यालयको कक्षा थप सम्बन्धमा ।

   ६. आगलागि पिडितलाई सहयोग सम्बन्धमा ।

## निर्णय नं. १

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको विभिन्न नियमावली एंव कार्यविधिको मस्यौदा उपर छलफल एंव थप अध्ययन गरी देहायमा उल्लेखित नियमावली एंव कार्यविधिलाइ आगामी कार्यपालिकाको बैठकमा स्वीकृतार्थ पेश गराउने निर्णय गरियो।

क) एकीकृत सम्पतिकर व्यवस्थापन कार्यविधि, २०७४

ख) स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७४

ग) स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४

घ) 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४

ङ) गुजरा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७४

## निर्णय नं. २

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको जिल्ला दररेट लागु गर्ने सम्बन्धमा छलफल हुँदा नगरकार्यपालिकाको चालु आ.व. २०७४/७५ मा संचालन हुने विकास योजना एंव निर्माण सम्बन्धि कार्य संचालनका लागि नगरस्तरीय दररेट हालसम्म निर्माण गरिनसकेको हुँदा जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत भएको जिल्ला दररेटलाइ नै स्वीकृत गरी लागु गराउने निर्णय गरियो।

## निर्णय नं. ३

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको वडा अनुगमन समिति गठन गर्ने सम्बन्धमा छलफल हुँदा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ परिमार्जितको दफा ६.२.३ अनुसार आफ्नो वडाभित्र संचालित योजनाको लागत, परिमाण, समय, सिमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी

आवश्यक पृष्ठपोषण दिनका लागि निम्मअनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्न सबै वडा कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

**वडा अनुगमन समिति**

क. सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

ख. वडा सदस्यहरु - सदस्य

ग. वडा सचिव - सदस्य

उक्त समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीलाइ आमन्त्रण गर्न सकिनेछ । समितिले अनुगमन गर्दा राखिएका विषयका सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण गर्दा समितलाइ नियमित रुपमा जानकारी गराउनु पर्दछ ।

**निर्णय नं. ४**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको सामाजिक पुर्वाधार तर्फका कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा छलफल हुदा नगरकार्यपालिकामा सुचिकृत भएका गैरसरकारी संस्था, सहकारी संस्था, टोलबिकास संस्था, आमा समुह, क्लव लगायतका अन्य संघसंस्थाहरुबाट प्रस्ताव पेश गर्न लगाइ सो संघसंस्था मार्फत सामाजिक पुर्वाधार तर्फका कार्यक्रमहरु संचालन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

कार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयका लागी पेश भएको योजना संसोधन गरी स्वीकृत गर्ने सम्बन्धमा छलफल गर्दा निम्नानुसारका योजनाहरु वडा समितिको निर्णय एंव वडा कार्यालयको सिफारिसको आधारमा संसोधन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

क) गुजरा न.पा. वडा नं. ३ मा वडास्तरिय योजना अन्तर्गत जंगलसैया टोलमा माधव गौतमको घरदेखि पुर्वतर्फ जाने रजैया सडक मर्मत तथा ग्रेभल ३०००००/-

पशुपतिटोलमा नहरदेखि उत्तरतर्फ वकैया नदिसम्मको सडक मर्मत रु.५ लाख र जंगलसैया मठ तथा हनुमान मन्दिरमा पर्खाल निर्माण रु. २ लाख रकम प्रथम नगरसभाबाट विनियोजन भएकोमा सो योजनाहरुलाइ संसोधन गरी सोही टोलमा शिवशंकर जैसवालको घरदेखि पुर्वतर्फ बाग्मति सिंचाइको नहरसम्म पक्की नाला निर्माण गर्ने र कंकाली मन्दीरको सट्टा सडक मर्मत तथा ग्रेभल गर्ने कार्यको योजना वडा कार्यालयको सिफारिस अनुसार स्विकृत गर्ने निर्णय गरियो।

ख) गुजरा न.पा. वडा नं. ९ को दिनेश चौरासियाको घरदेखि दलित प्रा.वि. सम्म नाला निर्माण तथा सडक ग्रेभल कार्यको लागि रकम विनियोजन गरिएकोमा सो रकमबाट नै काम सम्पन्न हुनेगरी उपरोक्त योजनाको सट्टा सोही स्थानमा नाला निर्माण कार्यको योजना स्विकृत गर्ने निर्णय गरियो।

ग) गुजरा न.पा. वडा नं. ६ मा वडाका सार्वजनिक जग्गामा बृक्षारोपण गर्ने कार्यको सट्टामा सिलाइकटाइ तालिम, खतबैया कब्रस्थान र जग्गाको घेराबेराको सट्टामा सडक ग्रेभल गर्ने (नजिरको घरदेखि फिरोज चौधरीको घर हुदै सफि महमद ओस्ताको घरसम्म र विरेन्द्र ठाकुरको घरदेखि सुरेन्द्र चौधरीको घरसम्म) , पोखरी खन्ने योजनाको सट्टा सैतुलको घरदेखि विद्यालयको गेटसम्म ढलान गर्ने र बेदौलिको चमारटोल देखि इस्माइलको घर हुदै नाला निर्माणको सट्टा बेदौलीको चमारटौलदेखि इस्माइलको घर हुदै ढलान गर्ने योजना स्वीकृत गर्ने निर्णय गरियो।

घ) गुजरा न.पा. वडा नं. ५ मा सोनारबा डिहको मोख्तम निर्माण कार्यको सट्टा सोही स्थानमा सोनारब डिह देखि पुर्व जाने सडकमा ग्रेभल गर्न रु. २ लाख , छठघाट मर्मत रु. ३ लाख पचास हजार , बद्री बैरेको घरनजिक मन्दिर निर्माण रु. १ लाख पचास हजार र बजारदेखि राइटोलसम्म ग्रेभल रु. ३ लाखको योजना स्वीकृत गर्ने निर्णय गरियो र लक्ष्मीपुर पर्ति टोलको मोक्दम भवन निर्माणको लागि योजनाको सट्टा लक्ष्मीपुर टोलको मोक्दम भवन निर्माण कार्यको योजना स्वीकृत गर्ने निर्णय गरियो।

ङ) गुजरा न.पा. वडा नं. ४ को सोलार वत्तिको योजनाको सट्टा कनकपुरमा नाला निर्माण योजना स्वीकृत गर्ने निर्णय गरियो।

## निर्णय नं. ६

विविध

क. न्यायीक इजलास स्थापना गर्ने निर्णय गरियो ।

ख. प्राविधिक कर्मचारी करारमा लिने सम्बन्धमा गुजरा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७४ नगरकार्यपालिकाबाट पारित भएपश्चात आवश्यक पकृया पुरा गरी प्राविधिक कर्मचारी पदपुर्ति गर्ने निर्णय गरियो ।

ग. न्यायीक समितिका पदाधिकारीलाइ सुविधा दिने सम्बन्धमा छलफल गर्दा न्यायीक समितिका प्रत्येक सदस्यलाइ मासिक रुपमा १० लिटर इन्धन दिने निर्णय गरियो ।

घ. शिक्षा नियमावली सम्बन्धमा नगरपालिकाले सरोकारवालासंग अन्तर्क्रिया गरे पश्चात मात्र आगामी कार्यपालिकाको बैठकमा मस्यौदा शिक्षा नियमावली पेश गर्न गठीत कार्यदललाइ निर्देशन दिने निर्णय गरियो ।

ङ. आगलागि पिडितलाई सहयोग सम्बन्धमा गुजरा न.पा. वडा नं. बस्ने गणेश बहादुर राउतको छोरा मानबहादुर राउतको गोठमा २०७४ माघ १६ गते भएको आगलागिबाट भएको क्षतिपुर्तिको राहत स्वरुप वडा कार्यालयको सिफारिस समेतको आधारमा रु. २५०००/- (अक्षेरुपी पच्चिस हजार मात्र) विपद् व्यवस्थापन शिर्षकबाट दिने निर्णय गरियो ।

च. संस्थागत विद्यालयको कक्षा थप सम्बन्धमा गुजरा न.पा. मा संचालित देहायका संस्थागत विद्यालयहरुको स्थानीय सरकार संचालन ऐन दफा ११ (ज) (२) बमोजिम कक्षा थप गर्ने निर्णय गरियो ।

| क्र.सं | विद्यालयको नाम | ठेगाना | चालु कक्षा | अनुमति दिने कक्षा |
|---|---|---|---|---|
| १. | न्यु बाल मेमोरियल एकेडेमी | गुजरा न.पा. ९ | ३ | ४ |
| २. | लोटस एकेडेमी | गुजरा न.पा. ४ | ३ | ४ |
| ३. | बाल विद्या मन्दिर | गुजरा न.पा. १ | १ | २ |
| ४. | ज्ञान बाटिका इङ्लिस स्कुल | गुजरा न.पा. ९ | १ | २ |
| ५. | सितल एकेडेमी | गुजरा न.पा. ५ | १ | २ |
| ६. | ज्ञान सागर इङ्लिस बोर्डिङ्ग स्कुल | गुजरा न.पा. ४ | १ | २ |
| ७. | ज्ञानोदय इङ्गलिस स्कुल | गुजरा न.पा. ५ | १ | २ |